भैरबी गाउँपालिका

# भैरबी राजपत्र

खण्डः ४ संख्याः ९ मितिः २०७७/१२/०२

**भैरबी गाउँपालिकाको कार्यालयबाट सम्पादन गरिने विभिन्न कार्यहरु, यस गाउँपालिकाको कार्य क्षेत्र भित्र विभिन्न पेशा, व्यवसाय, विकास निर्माणका कार्यहरु शैक्षीक, सामाजिक गतिविधि आदी सञ्चालन गरी भैरबी गाउँपालिकालाई सुशासनयुक्त र विकासका गतिविधिद्वारा समुन्नत बनाउन नेपालको संबिधानको घारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम भैरबी गाउँपालिकाबाट पारित भएका नियमावली, निर्देशिका र कार्यविधिहरु भैरबी राजपत्र मार्फत सार्वजनीक गरियो ।**

**आज्ञाले**
**भलाराम पंगाली**
**प्रमुख प्रशासकिय अधिकृत**

**भाग-२**

**भैरबी गाउँपालिका**
**भैरीकालीकाथुम, दैलेख**

**शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, हरियाली विकास र पूर्वाधारः भैरबीका छ आधार**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

**भाग - २**

**भैरबी राजपत्र**

**सम्वत् २०७७ सालको नियमावली, निर्देशिका वा कार्यविधि नं. ९**

# एम्बुलेन्स सन्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७७

प्रमाणीकरण मितिः २०७७।१२।०२

भैरवी गाउँपालिकाले असक्त, घाइते, गर्भवती तथा सुत्केरी महिलाहरु एवं विभिन्न प्रकारका दैवी प्रकोप वा विपद्का समय अति असक्त इमरजेन्सी विरामीको उपचारको लागि पर्न सक्ने स्वास्थ्य समस्याबाट सुरक्षित राख्ने उद्देश्यले आकस्मिक उपचारका लागि एम्बुलेन्स सेवा प्रदान गर्न वान्छनीय भएकोले नेपालको संविधानको स्वास्थ्य सम्बन्धी हकलाई मध्येनजर गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ वमोजिम भैरवी गाउँकार्यपालिकाको मिति २०७७ मंसिर २२ गतेको गाउँकार्यपालिका बैठकको निर्णयबाट **एम्बुलेन्स सन्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७७** लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम एम्बुलेन्स सेवा संचालन कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट तुरुन्त लागु हुनेछ ।

**२ परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"एम्बुलेन्स"** भन्नाले भैरवी गाउँपालिकाले संचालन गरेको एम्वुलेन्सलाई जनाउनेछ ।
ख) **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउँछ ।
ग) **"गाउँपालिका"** भन्नाले भैरवी गाउँपालिकालाई जनाउँछ ।
घ) **"बोड"** भन्नाले भैरवी गाउँ कार्यपालिकाको बोर्डलाई सम्झनु पर्छ ।
ङ) **"समिति"** भन्नाले एम्वुलेन्स संचालन तथा व्यवस्थापन संचालन गर्न गठन गरिएको समितिलाई सम्झनु पर्छ।
च) **"कर्मचारी"** भन्नाले गाउँपालिकामा कार्यरत स्थायी, अस्थायी वा करारमा कार्यरत कर्मचारीहरुलाई जनाउँछ ।
छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले भैरवी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जानाउँछ ।
ज) **"तोकिएको वा तोकिएवमोजिम"** भन्नाले भैरवी गाउँपालिकाको बोर्ड बैठक निर्णय गरी समय समयमा तोकिदिए वमोजिम सम्झनुपर्छ ।

**२. उद्देश्यः** (१) यस कार्यविधिका प्रमुख उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

क) भैरवी गाउँपालिका क्षेत्रभित्र र नजिकका स्थानीय तहको समेत स्वास्थ्य समस्या भएका नागरिकहरु उपचारका लाथि नजिकको अस्पताल वा स्वास्थ्य संस्थासम्म सेवा पुर्‍याउने तथा यसको विश्वसनीयता साथै प्रभावकारिता वृद्धि गरी दिगो र भरपर्दो सेवा प्रदान गर्नु ।

ख) गर्भवती तथा सुत्केरी महिलाहरु एवं जटिल स्वास्थ्य समस्या भएका आकस्मिक रुपमा निशुल्क एम्वुलेन्स सेवाको पहुँच वृद्धि गरी मातृशिशु मृत्यु न्यूनीकरण तथा जनताको स्वास्थ्य सुरक्षा कायम गर्नु ।

ग) गाउँलिकाको आफ्नो एम्वुलेन्सको संचालन व्यवस्थित तरिकाले संघीय कानून बमोजिम संचालन गर्नु।

## भाग-२

## एम्बुलेन्स संचालन सम्वन्धी व्यवस्था

**३. गाउँपालिका आफैले संचालन गर्दाः** (१) गाउँपालिकाले आफै संचालन गर्दा देहायका विषय सुनिश्चित हुनुपर्नेछ,

क) चौबिसै घण्टा खटिन हलुका सवारी चालक १ जना रहनेछ,

ख) वार्षिक रुपमा मोवाइल वा टेलिफोन एवं मर्मत सम्भार तथा ईन्धनको व्यवस्था भएको,

ग) जिल्ला एम्बुलेन्स समितिबाट निर्धारण भएका अन्य विषयहरु लागु हुनेछ ।

२) एम्वुलेन्स संचालन तथा ब्यवस्थापनका लागि एउटा छुट्टै कोष खडा गरिनेछ सो कोषमा प्रत्येक वर्ष गाउँपालिकाले वार्षिक बजेटबाट आवश्यक रकम जम्मा गरि कोषको वृद्धि गरिनेछ ।

३) एम्वुलेन्स संचालन तथा ब्यवस्थापन कोषमा वार्षिक रुपमा गाउँपालिकाले जम्मा गर्ने रकमका अतिरिक्त एम्वुलेन्स सेवा शुल्क, एम्वुलेन्स संचालन तथा ब्यवस्थापनका लागि प्राप्त अनुदान, आर्थिक सहयोग जस्ता रकम समेत जम्मा गरिनेछ । सोही कोषवाट एम्वुलेन्स संचालन तथा ब्यवस्थापनका सवै खर्चहरु गरिनेछ ।

**४) अन्य संघ संस्था तथा नीजि क्षेत्रद्धारा संचालनः**

(१) गाउँपालिकाले शर्त सहित सम्झौता गरी कुनै पनि गैर नाफामुलक, इच्छुक एम्वुलेन्स संचालन गर्न सक्ने संघ संस्था तथा नीजि क्षेत्रहरुवाट सेवा संचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्था छनौट गर्न कम्तीमा ७ दिनको सार्वजनिक सूचना स्थानीय पत्रपत्रिका, गाउँपालिकाको वेबसाईट, फेसबुक पेज लगायतमा सूचना प्रकाशन गरी प्राप्त प्रस्तावहरु मध्ये कुनै एकलाई छनौट गर्नुपर्नेछ ।

(३) छनौटका आधारहरुमा संस्थागत क्षमता, अनुभव, लागत साझेदारी प्रस्तावित रकम र मितब्ययीतालाई विशेष ध्यान दिइ प्रस्तावको मूल्याकन कार्यालयले गर्नेछ ।

(४) छनौट भएको संस्थालाई गाउँकार्यपालिकाको निर्णयानुसार सम्झौता गरी एम्वुलेन्स संचालनका लागि हस्तान्तरण गरिनेछ ।

(५) संस्थामार्फत एम्बुलेन्स संचालन गर्दा यसरी छनौट भएको संस्था र गाउँपालिकाद्वारा संचालित एम्बुलेन्स भनी एम्बुलेन्सको देखिने भागमा लेख्नुपर्नेछ ।

(६) एम्बुलेन्स सेवा शुल्क नेपाल सरकारबाट गठित जिल्ला एम्बुलेन्स सेवा सन्चालन समिति दैलेखले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) गाउँपालिका स्थायी ठेगाना भएका गर्भवती महिलाहरुमध्ये आकस्मिक रुपमा अस्पताल तथा स्वास्थ्य संस्थामा जानुपर्ने भएमा स्वास्थ्य संस्थाबाट प्रदान गरिएको गर्भवती जाँच कार्ड (ANC Checkup card) को आधारमा अस्पताल जाँदा शत प्रतिशत र अस्पतालबाट घर फर्कदा ५० प्रतिशत छुट दिने ( वडाको सिफारिस भएमा निःशुल्क) र सोको अभिलेख राखी मासिक गाउँपालिकामा प्रतिवेदन गर्ने गरि एम्वुलेन्स सेवा संचालन गर्नु पर्नेछ ।

(८) आकस्मिक र गर्भवति महिलाहरुले प्रयोग नगरेको अवस्थामा अन्य विरामीको हकमा तोकिएको भाडा रकम लिन पाइनेछ । एकैसाथ एकभन्दा बढि स्थानबाट एम्बुलेन्सको माग भएमा सर्वप्रथम अन्य सवारी साधन सहजै उपलब्ध नहुने दुर्गम भेगमा पहिलो प्राथमिकता दिनु पर्नेछ ।

(९) सुत्केरी हुन जाने महिलालाई सेवा दिन कुनै कारणले वञ्चित गर्न पाइने छैन । गाउँपालिकावाट प्रदान भएको एम्वुलेन्स अन्य ब्यक्तिलाई लिई एम्वुलेन्स बाहिर गएका वखत वैकल्पिक एम्वुलेन्सको ब्यवस्थापन गर्नु पर्नेछ ।

(१०) एम्वुलेन्स संचालन गर्ने संस्थाले एम्वुलेन्स संचालनका लागि संचालन खर्च प्रस्तावमा स्वीकृत भए बमोजिम गाउँपालिकावाट वार्षिकरुपमा अधिकतम् रु १,००,०००। (एक लाख मात्र) सम्म माग गर्न सक्नेछ । सोही खर्चले एम्वुलेन्सको नियमित मर्मत, इन्धन तथा ड्राइभर खर्चको ब्यवस्थापन गर्नु पर्नेछ

(११) एम्बुलेन्स सेवा २४ सै घण्टा संचालनको जिम्मेवारी प्रस्तावक संस्थाको हुनेछ ।

(१२) एम्वुलेन्समा जुनसुकै कारणले क्षति हुन वा हानी नोक्सानी हुन गएमा यसको व्ययभार प्रस्तावक संस्थाले बहन गर्नेछ ।

**५. समिति सम्बन्धी व्यवस्था:** (१) एम्वुलेन्सको संचालन, ब्यवस्थापन, अनुगमन, सुपरीवेक्षण तथा उद्देश्य अनुसारका काममा प्रयोग गर्न देहाय वमोजिमको एम्बुलेन्स संचालन तथा ब्यवस्थापन समिति रहनेछ ।

क) गाँउपालिका उपाध्यक्ष -संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

ग) कार्यपालिकाले तोकेको एकजना महिला सहित २ जना -सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

ङ) गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकी इन्चार्जहरु मध्येबाट १ जना सदस्य

च) जिन्सि शाखा प्रमुख -सदस्य सचिव

छ) गाउँपालिका अध्यक्ष संरक्षक सल्लाहकार रहने ।

समितिमा संयोजकले आवश्यकतानुसार विषयसँग सम्वन्धित पदाधिकारी, कर्मचारी, स्वयंसेवक तथा अन्य ब्यक्तिलाई आमन्त्रण गरी परामर्श लिन सक्नेछ ।

(२) **एम्वुलेन्स संचालन तथा व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार देहाय वमोजिम हुनेछ ।**

क) एम्बुलेन्स संचालन ब्यवस्थापन गर्ने सेवा प्रदायक निकायको नियमन गर्ने र देखिएका समस्या समाधानमा सहजीकरण गर्ने ।

ख) एम्बुलेन्सको सहि सदुपयोग गराउने तथा २४ सै घण्टा एम्बुलेन्स संचालनको सुनिश्चितताको व्यवस्था मिलाउने ।

ग) एम्बुलेन्स संचालन तथा ब्यवस्थापन कोषको परिचालन तथा सम्वन्धित क्षेत्रको प्रर्वद्धनमा खर्च गरि सो को विवरण कार्यपालिका समक्ष पेश गर्ने ।

घ) एम्बुलेन्स सेवा दिन नसकिने स्थानका विरामीका लागि वैकल्पीक यातायात साधनको प्रवन्ध गर्ने ।

ङ) यस समितिवाट भए गरेको गतिविधि तथा एम्बुलेन्स सेवा संचालन सम्वन्धिको त्रैमासिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

च) कार्यपालिकाले जिम्मेवारी दिएका क्षेत्रगत अन्य कार्यमा सहयोग एवं सहजीकरण गर्ने ।

छ) एम्बुलेन्स संचालनबाट भएको आम्दानी तथा खर्चलाई बैंकिंग प्रणालीबाट गर्ने व्यवस्था मिलाउने ।

परिच्छेद ३

## कर्मचारी व्यवस्थापन

६) **कर्मचारी नियूक्ती** (१) एम्बुलेन्स संचालनका लागि तोकिए वमोजिमको योग्यता र अनुभवको आधारमा एक जना हलुका सवारी चालक (प्रथम तह) सेवा करार वा ज्यालादारीमा भर्ना गरिनेछ ।

२) **सवारी चालकको सेवा तथा शर्तहरुः** (१) एम्वुलेन्स चालकले हलुका सवारी चालकले पाए सरहको सुविधा पाउनेछ । तलव बाहेक एम्वुलेन्स संचालन भएको अवधिमा रात्रिकालिन सेवा वापत प्रति ट्रिप रु. १०० का दरले थप भत्ता पाउनेछ । एम्वुलेन्स चालकको पारिश्रमिक र अन्य सुविधा एम्वुलेन्स संचालन कोषबाट व्यहोरिनेछ। यसका लागि गाउँपालिकाको कोषबाट कुनै रकम व्यहोरिने छैन

७) **आचरणः** एम्बुलेन्स चालकले देहाय वमोजिमको आचरण पालना गर्नु पर्नेछ ।

(१) एम्बुलेन्सको उचित तरिकाले संचालन, रेखदेख र संरक्षण गर्ने ।

(२) एम्वुलेन्स संचालन भएको अवधि र खपत भएको इन्धन अभिलेख दुरुस्त राख्ने । प्रत्येक सात सात दिनमा जम्मा भएको रकम गाउँपालिकाको एम्बुलेन्स संचालन कोष खातामा जम्मा गर्ने ।

(३) एम्बुलेन्स संचालन गर्ने अनुमति भएको ठाँउ भन्दा अन्यत्र संचालन गर्दा समितिको पूर्व स्वीकृती लिएरमात्र संचालन गर्ने ।

(४) एम्बुलेन्सको नियमित सरसफाइ, चेकजाँच गरी अध्यावधिक राख्ने र मर्मतका लागि सम्वन्धित शाखामा सूचना गर्ने ।

(५) सवारी संचालनका क्रमा हुन सक्ने संभावित दुर्घटना र जोखिम उपर पूर्व सावधानी अपनाउने ।

(६) एम्वुलेन्स संचालन तथा वीमा सम्वन्धमा समय समयमा आर्थिक प्रशासन शाखामा जानकारी गराउने

(७) समय समयमा एम्बुलेन्स संचालन समिति एवं प्रमुख प्रशासकीय अधिकृतले दिएको निर्देशन वमोजिम गर्ने ।

८) अवकाश दिन सकिनेः कार्य सम्पादन सन्तोषजनक नभएमा

६. **संचालनको विधिः** एम्बुलेन्स संचालनको लागि गाँउपालिका आफैले गर्ने वा संस्था मार्फत गर्ने भन्ने विधि दफा ५ बमोजिमको समितिको सिफारिसमा गाँउ कार्यपालिकाको निर्णयानुसार तय हुनेछ ।

**७. एम्वुलेन्सको भाडा दर निर्धारण**

१) एम्वुलेन्स संचालन समिति, दैलेखबाट निर्धारण भएको दररेटको आधारमा समयानुल र भौगोलिक विकटताका आधारमा कार्यपालिकाको सिफारिसमा गाँउसभाबाट स्वीकृत दररेट अनुसुची १ मा उल्लेख भएको लागु हुनेछ ।

**अनुसूची-२**

(बुदों ७ को (१) संग सम्बन्धित)

**भैरबी गाउँपालिकामा सञ्चालित एम्बुलेन्सको दररेट**

| क्र.सं. | स्थान | | दररेट | कै. |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |

नोटः- माथि उल्लिखित दररेटमा कार्यालय दिन/समयमा २.५ प्रतिशत र कार्यालय समय बाहेक वा बिदाका दिनमा ५ प्रतिशत चालक भत्ताको व्यवस्था सेवाग्राहीले भुक्तानी गर्नुपर्नेछ । समय समयमा आवश्यकता अनुसार कार्यपालिकाले तोकेवमोजिम दररेट फेरवदल हुने छ ।

आज्ञाले

भलाराम पंगाली

प्रमुख प्रशासकीय अधिकृत